प्रदेश सरकार

प्रदेश नं ५

# मुख्यमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालय

बुटवल

सचिव बैठक नं ७८

बैठक मिति: २०७७/०६/०१

उपस्थिती

| | | |
|---|---|---|
| श्री तोयनारायण ज्ञवाली | प्रमुख सचिव | प्रदेश नं. ५ |
| श्री भरतमणि सुवेदी | सचिव | मुख्यमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालय |
| श्री नारायण प्रसाद शर्मा दुवाडी | सचिव | मुख्यमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालय |
| श्री राजेन्द्र थापा | सचिव | मुख्यमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालय |
| श्री रविलाल पन्थ | सचिव | आन्तरिक मामिला तथा कानून मन्त्रालय |
| श्री बाबुराम अधिकारी | सचिव | आर्थिक मामिला तथा योजना मन्त्रालय |
| डा. राजेन्द्र के.सी. | सचिव | उद्योग, पर्यटन, वन तथा वातावरण मन्त्रालय |
| श्री सुशिल चन्द्र तिवारी | सचिव | भौतिक पूर्वाधार विकास मन्त्रालय |
| श्री महादेव पन्थ | सचिव | सामाजिक विकास मन्त्रालय |
| श्री श्रीधर ज्ञवाली | नि. सचिव | भूमिव्यवस्था, कृषि तथा सहकारी मन्त्रालय |

आमन्त्रित

| | | |
|---|---|---|
| श्री दिपक ज्ञवाली प्रमुख | कोष नियन्त्रक | प्रदेश कोष नियन्त्रक कार्यालय |
| श्री सुरेश आचार्य | अधिकृत दशौं | मुख्यमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालय |
| श्री यमकान्त पाण्डेय | उपसचिव | मुख्यमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालय |
| श्री रामचन्द्र अर्याल | अधिकृत आठौं | मुख्यमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालय |

निर्णयहरु

१. आर्थिक वर्ष २०७७/७८ को नीति कार्यक्रम, बजेट र वार्षिक कार्ययोजना बमोजिम भाद्र महिना भित्रै मन्त्रालयहरुले सम्पन्न गर्नुपर्ने कार्यक्रम तथा क्रियाकलापहरु सम्पन्न भए, नभएको विषयमा मन्त्रालयगत छलफल गरियो । सो सम्बन्धमा देहायबमोजिम गर्ने :

प्रमुख सचिव

प्रदेश सरकार
मुख्यमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालय
प्रदेश नं. ५, बुटवल

क. सबै मन्त्रालयहरुले वार्षिक कार्ययोजना बमोजिम तोकिएका कार्यक्रमहरु तोकिएको समय, गुणस्तर, लागतमा सम्पन्न गर्न विशेष ध्यान दिने ।

ख. कार्यक्रम कार्यान्वयनका सम्वन्धमा कुनै द्विविधा र समस्या भए अन्तरमन्त्रालय समन्वयलाई प्रभावकारी बनाइ समाधान गर्ने । अन्तर मन्त्रालय समन्वयबाट समाधान हुन नसके मुख्यमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालयसँग समयमै समन्वय गर्ने ।

ग. मन्त्रालय वा अन्तर्गत कार्यालयहरुबाट सम्पादित र सम्पादनको क्रममा रहेका कार्यहरुको नियमित र प्रभावकारी अनुगमन गरी कार्यान्वयनमा कुनै समस्या देखिए तत्काल समाधान गर्ने ।

२. आगामी हप्ता कोभिड-१९ को सम्वन्धमा प्रदेशको वर्तमान अवस्था अध्ययन गरी रोकथाम, नियन्त्रण र उपचारको कार्यदिशाका विषयमा निष्कर्षमा पुग्न आवश्यक विवरण र तथ्यांक आन्तरिक मामिला तथा कानून मन्त्रालय र सामाजिक विकास मन्त्रालयले मुख्यमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालयमा उपलब्ध गराउने ।

३. आर्थिक वर्ष २०७५/७६ को महालेखा परिक्षकको प्रतिवेदनमा उठाइएका विषयका बारेमा छलफल भयो । उक्त प्रतिवेदनमा उठाइएका विषयमा नियमानुसार असुल उपर र फछ्र्यौटको कार्यलाई प्रभावकारी रुपमा अघि बढाउने ।

४. आगामी आश्विन ३ गते संविधान दिवस मनाउने सन्दर्भमा आन्तरिक मामिला तथा कानून मन्त्रालयले आवश्यक सबै तयारी कार्य गर्ने ।

५. कोभिड-१९ को कारणले स्थलगत अनुगमन गर्न नसक्ने अवस्थामा भर्चुवल बैठकको माध्यमबाट स्थलगत कार्य र कार्यालयको कार्यसम्पादनको विवरण नियमित रुपमा लिने व्यवस्था गर्ने, गराउने ।

६. यस प्रदेशको सामाजिक विकास मन्त्रालयमा खटिइ आउनु भएका सचिव श्री महादेव पन्थ, उद्योग, पर्यटन, वन तथा वातावरण मन्त्रालयमा खटिइ आउनु भएका सचिव डा. राजेन्द्र के.सी र भौतिक पूर्वाधार विकास मन्त्रालयमा खटिइ आउनु भएका सचिव श्री सुशिल चन्द्र तिवारी लाई स्वागत गरियो ।

२०७७/६/१

प्रमुख सचिव